(कम्पनी ऐन, २०६३ को दफा १८ को उपदफा (६) संग सम्बन्धित)

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको

<u>प्रबन्ध-पत्र</u>

१. <u>कम्पनीको नाम</u>: कम्पनीको नाम राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड हुनेछ। यसलाई अंग्रेजीमा **Rastriya Jeewan Beema Company Limited** भनिनेछ।

२. <u>कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना</u>: कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला,काठमाडौं महानगरपालिका, वडा नं. ११, रामशाहपथमा रहनेछ।

३. <u>कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति</u>: कम्पनीले प्रचलित कानुन, बीमा ऐन र नियमावलीले व्यवस्था गरे बमोजिम जीवन बीमासँग सम्बन्धित विविध व्यवसाय गर्नेछ।

४. <u>कम्पनीको उद्देश्य</u>: (१) कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) बीमाको माध्यमबाट देशको आर्थिक विकासका लागि आन्तरिक साधन र पुँजीको परिचालन गर्ने,

(ख) बीमाको पहुँचमा वृद्धि गर्दै व्यवसाय विस्तार गर्ने,

(ग) बीमितको हित सुरक्षा हुने गरी व्यक्तिगत, सामुहिक तथा राष्ट्र सेवक जीवन बीमा योजना सञ्चालन गर्ने,

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचलित तथा बजारको आवश्यकता अनुरुप विभिन्न प्रकारका जीवन बीमा योजना सञ्चालन गर्ने गराउने,

(ङ) सरल र सुलभ बीमा सेवा उपलब्ध गराउने तथा बीमाको बारेमा सचेतना फैलाउने,

(च) कम्पनीको शेयर पुँजी तथा कम्पनीद्वारा सञ्चालित विभिन्न व्यवसायबाट प्राप्त रकम, प्राप्त ब्याज तथा अन्य आयलाई नेपाल सरकारको निर्देशन, नेपाल बीमा प्राधिकरणको निर्देशन तथा कम्पनीको लगानी निर्देशिकाको अधीनमा रही लगानी गर्ने तथा सो लगानीको असुल उपर, बिक्री वितरण र सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने,

(छ) कम्पनीद्वारा सञ्चालित विभिन्न बीमा व्यवसायको संरक्षण सम्वर्द्धनका लागि आवश्यकतानुसार स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनीहरुसँग पुनर्बीमा गर्ने गराउने,

(ज) आवश्यकतानुसार सहायक कम्पनीको स्थापना गरी कार्य गर्ने,

(झ) प्रचलित कानुन बमोजिम लगानी सम्वन्धी कार्य गर्ने,

(ञ) कम्पनीको उद्देश्य पूरा गर्न आवश्यक अन्य कार्यहरु गर्ने।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिनेछ।

५. <u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु</u>: कम्पनीले दफा ४ को उपदफा (१) बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कार्यहरु गर्न सक्नेछ:-

(क) सावधिक जीवन बीमा, आजीवन जीवन बीमा, म्यादी जीवन बीमा तथा अन्य विभिन्न प्रकारका बहुउपयोगी जीवन बीमा योजना सञ्चालन गर्ने गराउने,

(ख) राष्ट्रिय वा अन्तराष्ट्रिय क्षेत्रमा प्रचलित तथा बजारको आवश्यकता अनुसार विभिन्न प्रकारका जीवन बीमा लेख (policy) जारी गर्ने,

(ग) सावधिक र आजीवन बीमाको सम्मिश्रण गरी आकर्षक बीमा योजना, औषधी उपचार योजना, एन्युटी (annuity) सम्बन्धी योजना, संस्थागत तथा व्यक्तिगत रुपमा विभिन्न प्रकारका निवृत्तिभरण योजना (pension scheme) सञ्चालन गर्ने वा गराउने,

(घ) शारीरिक अंगभंग, घातक रोगहरु, दुर्घटना मृत्यु, बीमाशुल्क तिर्न नपर्ने छुट, मासिक शैक्षिक लाभ लगायत अन्य पुरक करार सहितका जीवन बीमा योजनाहरु सञ्चालन गर्ने,

(ङ) बीमा तथा पूनर्बीमा व्यवसायको लागि स्वदेशी तथा विदेशी पुनर्बीमकको एजेन्ट, प्रतिनिधि, दलाल भई काम गर्ने गराउने, आवश्यकता अनुसार बिदेशी बीमक कम्पनीको जि.एस.ए. बन्ने तथा विदेशमा जि.एस.ए. नियुक्ति गर्न सक्ने,

(च) अवधि भुक्तानी दावी वा मृत्यु दावी वा चुक्ता दावी भुक्तानी गर्ने, समर्पण मूल्य भुक्तानी गर्ने, पेन्सनर एन्युटी होल्डरलाई भुक्तानी दिने लगायतका कार्य गर्ने,

(छ) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिनेदिने वा नेपाल सरकारको निर्देशन, नेपाल बीमा प्राधिकरणको निर्देशन तथा कम्पनीको लगानी निर्देशिकाको अधीनमा रही व्यावसायिक रुपमा खरिद बिक्री गर्ने वा अन्य प्रकारबाट बन्दोबस्त गर्ने,

(ज) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने, तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने तथा जनशक्ति व्यवस्थापन गर्ने,

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

(झ) कम्पनीमा लगानी भएका शेयरको रकम, बीमा शुल्क बापत प्राप्त रकम तथा त्यसबाट आर्जित रकम समेत जम्मा गरी कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(ञ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने र शर्त अनुसार चुक्ता गर्दै जाने,

(ट) कम्पनीको नामबाट शेयर, डिबेन्चर, सामुहिक कोष तथा सरकारी ऋण-पत्र लगायत खरिद तथा बिक्री गर्ने,

(ठ) कम्पनीको लगानी नीतिको अधीनमा रही स्वदेशी एवं विदेशी कम्पनीको शेयर पुँजीमा लगानी गर्ने,

(ड) सुरक्षण राखी वा नराखी अन्य कम्पनीलाई जमानी दिने वा अन्यको जमानी लिई कार्य गर्ने,

(ढ) बैंकहरुमा कम्पनीको नाउँमा कम्पनीको प्रयोजनको लागि बिल अफ एक्सचेन्ज (bill of exchange), प्रमिशरी नोट (promissory note), चेक लगायतका वित्तीय उपकरण जारी गर्ने, दरपिठ गर्ने, भुक्तानी लिन दिन मञ्जुर गर्ने, कम्पनीको उद्देश्यको लागि मेशिन उपकरण आयात गर्न प्रतित पत्र खोल्ने वा स्थानीय बजारबाट खरिद गर्ने, भाडा वा लिजमा लिने,

(ण) कम्पनीको हितलाई ध्यानमा राखी कुनै पनि सुविधाको लागि सरकारी वा गैर सरकारी संस्था वा निकायसँग सुविधा सहुलियतको निमित्त आवेदन दिने, सम्पर्क राख्ने तथा अन्य आवश्यक काम कारवाही गर्ने,

(त) कम्पनीको व्यापारिक हित संरक्षणको लागि डिजाईन र ट्रेडमार्क जस्ता बौद्धिक सम्पत्ति दर्ता गरी उपयोग गर्ने,

(थ) राष्ट्रिय तथा स्थानीय पत्र पत्रिका, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यम मार्फत कम्पनीको व्यापार प्रवर्धनका लागि प्रचार-प्रसार गर्ने,

(द) कम्पनीको कार्य सञ्चालनको सिलसिलामा विभिन्न परामर्शदाता, अनुसन्धानकर्ता, ठेकेदार, वित्तीय संस्था, अन्य व्यक्ति वा संस्थाहरुसँग आवश्यकता अनुसार सम्झौता गरी कार्य गर्ने; तथा कम्पनीको लागि आवश्यक प्राविधिक विशेषज्ञ, प्रशिक्षक, सल्लाहकार तथा बिमांकी (actuary) नियुक्त गर्ने,

(ध) कम्पनीको उद्देश्य पुरा गर्न आवश्यक पर्ने सामानहरु प्रचलित कानून अनुसार विदेशबाट आयात गर्ने,

(न) कम्पनीले प्रदान गरेको सेवा बापत बीमाशुल्क, पूनर्बीमा शुल्क, प्रबन्ध कमिसन, ब्याज, ब्रोकरेज, प्रत्याभूति शुल्क र अन्य शुल्क लिने दिने,

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

(प) बीमा सम्बन्धी पट्टा तथा कबुलियत बीमाको दस्तुर उठाउने र त्यस सम्बन्धी नोक्सान भर्ने भराउने,

(फ) कम्पनीको पुंजी कोष एवं अन्य रकमबाट लगानी गर्ने, धितो राख्ने तथा चल अचल सम्पत्ति खरिद बिक्री गर्ने ,

(ब) कम्पनीको दलाल र बीमा अभिकर्ता नियुक्ति गर्ने तथा निजहरुले पाउने कमिशन लगायतका सुबिधा प्रदान गर्ने,

(भ) कम्पनीद्वारा नियुक्त गरिएका बीमा अभिकर्ताको क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गर्ने,

(म) बीमा पोलिसी धितो राखी बीमितलाई ऋण प्रदान गर्ने,

(य) कम्पनीले आफ्नो उद्देश्य बमोजिमका कार्य गर्न नेपाल सरकार तथा नियामक निकायको स्वीकृति लिई आवश्यकता अनुसार स्वदेश तथा विदेशमा आफ्नो कार्यालय खोल्न सक्ने,

(र) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्य गर्ने,

(ल) कम्पनीको व्यवसाय प्रवर्द्धन गर्न बीमा बजार तथा बीमा योजनाहरुको अध्ययन गर्ने वा बीमा सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा अन्य आवश्यक कार्य गर्ने गराउने,

(व) कम्पनीको अचल सम्पत्तिको जोखिम न्यूनीकरण गर्न बीमा गर्ने,

(श) नेपाल सरकारबाट समय समयमा प्राप्त निर्देशनको अधीनमा रही कार्य गर्ने,

(ष) नियामक निकायले समय समयमा जारी गरेको निर्देशन अनुसार कार्य गर्ने,

(स) कम्पनीको उद्देश्य पूर्तिको लागि नियम, विनियम, कार्यविधि र निर्देशिका बनाई लागू गर्ने,

(ह) कम्पनीको उद्देश्य प्राप्तिको लागि प्रचलित कानुनको अधीनमा रही अन्य कार्य गर्ने।

६. <u>कम्पनीको पुँजीको संरचना</u>: (१) कम्पनीको पुँजीको संरचना देहाय बमोजिम हुनेछः-

(क) कम्पनीको अधिकृत पुँजी रु. ५०,००,००,०००।००- (अक्षरुपी पचास करोड रुपैंया) हुनेछ। सो पुँजीलाई प्रतिशेयर रु. १०० का दरले ५०,००,०००।०० (पचास लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ।

(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पुँजी रु.१८,१०,२०,०००- (अक्षरुपी अठार करोड दश लाख बीस हजार रुपैंया) हुनेछ। सो पुँजीलाई प्रतिशेयर रु. १०० का दरले १८,१०,२०० (अठार लाख दश हजार दुई सय) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु १८,१०,२०,००० (अक्षरुपी अठार करोड दश लाख बीस हजार रुपैंया) हुनेछ।

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

(२) कम्पनीको शेयर पुँजीको समूहगत बर्गिकरण देहाय बमोजिम हुनेछ:-

| क.स. | संस्थापक शेयरधनी | शेयर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाल सरकार, अर्थ मन्त्रालय | ~~१३,८८,५००~~ ५,०२,८३४ | २७.७७% |
| २ | नेपाल राष्ट्र बैंक | ~~२७,७८,०००~~ १०,०५,६६६ | ५५.५६% |
| ३ | नेपाल बैंक लि | ~~८,३३,५००~~ ३,०१,७०० | १६.६७% |
| | जम्मा | ~~५०,००,०००~~ १८,१०,२०० | १००.००% |

सहायक रजिष्ट्रार

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले एक वर्ष भित्र प्रचलित कानून बमोजिम सर्वसाधारणको लागि शेयर निष्काशन गरी तोकिएको शेयर प्रतिशतमा निजी क्षेत्रलाई सहभागी गराउनु पर्नेछ।

(४) कम्पनी सम्बन्धी ऐन नियम तथा अन्य प्रचलित कानूनको अधीनमा रही कम्पनीले आफ्नो पुँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।

७. <u>कम्पनीको शेयरको किसिम:</u> (१) कम्पनीले हाल साधारण शेयर बाहेक अन्य कुनै पनि शेयरको व्यवस्था गरेको छैन र त्यस्तो व्यवस्था गर्नु परेमा प्रचलित कानुनको अधीनमा रही सम्वन्धित निकायबाट स्वीकृति लिई त्यस्तो शेयर जारी गर्न सक्नेछ ।

(२) कम्पनीले आफ्नो पुँजी वृद्धिको लागि प्रचलित कानुनको अधीनमा रही कुनै पनि माध्यमबाट आफ्नो शेयर जारी गर्न सक्नेछ।

८. <u>शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा:</u> (१) संस्थापकले कम्पनी दर्ता हुँदा लिन कबुल गरेको शेयर कम्पनीमा रुपान्तरण भए पश्चात प्रथम वार्षिक साधारण सभा नभएसम्म विक्री बितरण गर्न पाईने छैन। साथै आफूले लिन कबुल गरेको शेयरको रकम पूर्ण रुपमा चुक्ता नभएसम्म समेत आफ्नो शेयर विक्री गर्न पाइने छैन।

(२) कम्पनीमा रहेका बाँकी शेयर सञ्चालक समितिको निर्णय अनुसार इच्छाएको व्यक्ति, कम्पनी, फर्म, संस्थालाई विक्री गर्न वा संस्थापक शेयरवाला आँफैले लिन सक्नेछन्।

(३) संस्थापक बाहेक अन्य व्यक्ति वा संस्थाले शेयर खरिद गर्दा न्यूनतम १० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी खरिद गर्न सकिनेछ। तर सर्वसाधारणलाई छुट्याइएको शेयर जारी गरी नियमानुसार बाँडफाँट गर्न यो व्यवस्थाले बाधा पर्ने छैन ।

(४) कम्पनीको शेयर खरिद गर्दा शत प्रतिशत रकम भुक्तानी गर्नु पर्नेछ।

(५) कम्पनीले प्रचलित कानुनको अधीनमा रही शेयर खरिद वा हस्तान्तरणको कार्य गर्नु पर्नेछ। व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्ष सम्म कम्पनी वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न गराउन, धितो बन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन वा लेनदेन गर्न हुँदैन।

(६) कसैले उपदफा (५) को विपरित काम गरेमा त्यस्तो शेयर कम्पनीले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर सञ्चालक समितिले उचित ठहराएको किसिमबाट बिक्री वितरण गर्न सक्नेछ।

(७) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बीमा तथा कम्पनी सम्बन्धी कानुन र धितो पत्र कारोवार सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

९. <u>शेयर बापतको रकमको भुक्तानी</u>: (१) कम्पनीले आफ्नो आवश्यकता अनुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर बापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ।

(२) शेयर बापत कम्पनीले माग गरेको रकम निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ।

(३) शेयर बापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

१०. <u>दायित्व सीमित हुने</u>: कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन।

११. <u>अन्य आवश्यक कुराहरु</u>: (१) कम्पनी अविछिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ। कम्पनीले आफ्नो हक हित संरक्षणको लागि आफ्नो नामबाट नालिस उजुर गर्न तथा यस उपर सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(२) यस कम्पनीको एउटा छुट्टै छाप हुनेछ र कम्पनीको तर्फबाट तयार पारिने कुनै पनि कागजमा सोही छापले प्रमाणित गरी राखिनेछ। कम्पनीको छाप नेपाली र अंग्रेजी दुवै भाषामा प्रयोग गर्न सकिनेछ।

(३) कम्पनीको शेयर प्रचलित कानुनको अधीनमा रही धितो बन्धक राख्न वा बिक्री गर्न वा अन्य कुनै व्यहोराले हक छाडी दिन सक्नेछ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

(४) कम्पनीले व्यक्ति सरह आफ्नो नामबाट चल-अचल सम्पत्ति खरिद गर्न, बिक्री गर्न वा बन्धक लिन दिन सक्नेछ।

(५) कम्पनीका शेयर धनीहरुको दायित्व आफूले लिन कबुल गरेको शेयरमा मात्र सीमित हुनेछ। कुनै बखत कम्पनी घाटामा गई साहुको ऋण तिर्न नसकेमा कम्पनीको जायजेथाले खामेदेखि बाहेक अन्य रकम शेयरवालाहरुको घरघरानाबाट तिर्नु व्यहोर्नु पर्ने छैन।

(६) शेयर हस्तान्तरण गर्न वा धितो बन्धक राख्न सञ्चालक समितिको पूर्व स्वीकृति लिनु पर्नेछ। स्वीकृति विना गरिएको शेयर हस्तान्तरण समितिले बदर गर्न सक्नेछ।

(७) कुनै व्यक्ति वा संस्थाले कम्पनीलाई सम्पत्ति उपलब्ध गराएकोमा सो को मूल्य बराबरको शेयर दिन सकिनेछ। अर्थात नगद बाहेक पनि सञ्चालक समितिको निर्णय अनुसार कम्पनीको शेयर प्राप्त गर्न सकिनेछ।

(८) कम्पनीले कारोबार सुरु गर्दा संस्थापक वा अन्य कुनै व्यक्ति वा संस्थाबाट सापटीको रुपमा वा अन्य कुनै किसिमबाट चल वा अचल सम्पत्ति प्राप्त गर्न सक्नेछ र उक्त सम्पत्ति सञ्चालक समितिको निर्णय अनुसार रकम सापटीको रुपमा फिर्ता गर्न वा कम्पनीको ऋणमा राख्न वा सम्बन्धित संस्थापक वा रकम सापटी दिने कुनै व्यक्ति र संस्थालाई सो बराबरको शेयरमा परिणत गरिदिन सक्नेछ।

(९) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने सम्बन्धी हाल कुनै व्यवस्था गरिएको छैन।

(१०) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले व्यहोर्नु पर्नेछ।

१२. <u>कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने:</u> (१) कम्पनीको प्रबन्ध-पत्र कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

(२) राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड कम्पनीमा दर्ता भएपछि देहाय बमोजिम हुनेछ:-

(क) साबिक राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ बमोजिम संस्थापित राष्ट्रिय बीमा संस्थान कम्पनीमा स्वत: परिणत भएको मानिनेछ ।

(ख) साबिक राष्ट्रिय बीमा संस्थानको नाममा रहेको चल, अचल सम्पति, ऋण, धन, हक, अधिकार, ख्याति र दायित्व संस्थानबाट यस कम्पनीमा सर्नेछ।

(ग) साबिक राष्ट्रिय बीमा संस्थानका सम्पूर्ण कार्यालय यस कम्पनी अन्तर्गतका कार्यालय हुनेछन् ।

(घ) साबिक राष्ट्रिय बीमा संस्थानका सम्पूर्ण कर्मचारी यस कम्पनीका कर्मचारी हुनेछन् र निजहरुको सेवा, शर्त तथा सुविधाहरू यथावत कायम रहनेछन् ।

(ङ) साबिक राष्ट्रिय बीमा संस्थानको तर्फबाट भए गरेका काम कारबाहीहरू प्रचलित कानुन बमोजिम यसै कम्पनीबाट भए गरेको मानिनेछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

(च) साबिक राष्ट्रिय बीमा संस्थानबाट कार्य सम्पन्न हुन बाँकी रहेका काम कारबाहीहरू यसै कम्पनीबाट भए सरह मानी सम्पन्न गरिनेछन् ।

(छ) साबिक राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ बमोजिम बनाई लागू गरिएका नियम, नियमावली, नीति, निर्देशिका, कार्यविधि तथा निर्णय आदि खारेज वा संशोधन नभएसम्म कायम रहनेछन्।

तर त्यस्ता नियम, नियमावली, नीति, निर्देशिका, कार्यविधि तथा निर्णय प्रचलित कानुन, कम्पनीको प्रबन्धपत्र र नियमावलीसंग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

(ज) साबिक राष्ट्रिय बीमा संस्थानको शेयर पुँजी यस प्रबन्ध-पत्र र नियमावली बमोजिम हुनेछ ।

१३ . <u>प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्था</u>: यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नुपर्ने भएमा प्रचलित कम्पनी ऐनले तोकेको प्रक्रिया पुरा गरी निर्णय गरी कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्ध-पत्र संशोधन भएको मानिनेछ।

१४. <u>प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने</u>: यस प्रबन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन्।

१५. <u>संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उदघोषण</u>: हामी राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड (साबिक राष्ट्रिय बीमा संस्थानको स्वामित्व सम्बन्धी अभिलेखमा उल्लेखित शेयरधनीहरु) का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं। यस प्रबन्ध-पत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी लगायतको व्यहोरा ठीक साँचो हो। कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं। यो प्रबन्ध-पत्रमा लेखिएका अन्य व्यहोरा समेत ठिक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर भई सहिछाप गरेका छौं।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

| क्र.सं. | संस्थापकको नाम, ठेगाना र सहिछाप | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप |
|---|---|---|---|
| १. | नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधि (च.नं.२९५ मिति २०८०।०६।२० को पत्रानुसार)<br>दः<br>नामः अम्बिका प्रसाद भट्टराई<br>पदः शाखा अधिकृत<br>ठेगानाः अर्थ मन्त्रालय | ५,०२,८३४ थान<br>नेपाल सरकार अर्थ मन्त्रालय | दः<br>नामः केशव कुमार उप्रेती<br>पदः उप-सचिव<br>ठेगानाः अर्थ मन्त्रालय |
| २. | नेपाल राष्ट्र बैंकको प्रतिनिधि (च.नं.आ.प्र.४ मिति २०८०।०६।२० को पत्रानुसार)<br>दः<br>नामः रामकाजी खड्गी<br>पदः उप-निर्देशक<br>ठेगानाः नेपाल राष्ट्र बैंक | १०,०५,६६६ थान<br>नेपाल राष्ट्र बैंक | दः<br>नामः सञ्जीव कुइँकेल<br>पदः सहायक निर्देशक<br>ठेगानाः नेपाल राष्ट्र बैंक |
| ३. | नेपाल बैंक लि. को प्रतिनिधि (च.नं. ट्रेडि/८१/८६२ मिति २०८०/०६/२० को पत्रानुसार)<br>दः १२८१४<br>नामः बसन्त थापा<br>पदः उप-प्रबन्धक<br>ठेगानाः नेपाल बैंक लिमिटेड | ३,०१,७०० थान<br>नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED Head Office Treasury Department | दः<br>नामः प्रकृति कार्की<br>पदः सहायक प्रबन्धक<br>ठेगानाः नेपाल बैंक लिमिटेड |

मस्यौदाकार : अधिवक्ता कृपा पोख्रेल
प्र.प.न : १६०३०

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

२०८०/०६/२०